विशिष्टीकरण तालिका २०८१

कक्षा :७ समय :२ घण्टा पूर्णाङ्क :५०

विषय : नेपाली उत्तीर्णाङ्क :२०

| क्र. सं. | स्पष्टीकरण | क्षेत्र | परीक्षणीय पक्ष | जम्मा प्रश्न संख्या | उत्तर दिने प्रश्न संख्या | अंक भार |
|---|---|---|---|---|---|---|
| १. | पाठमा प्रयोग भएका कुनै चारओटा शब्द दिई तिनको अर्थसँग मिल्दो शब्द खाली ठाउँ भरेर लेख्न लगाउने (शब्द दिँदा एउटा विकल्प बढी दिने ) | शब्दभण्डार | शब्दार्थ | १ | १ | २ |
| २ | पर्यायवाची,विपरीतार्थी,अनेकार्थी,श्रुतिसमभिन्नार्थी,समावेशक,लघुतावाची शब्द पर्ने गरी प्रश्न दिएर मिल्ने छानेर खाली ठाउँ भर्न लगाउने | | शब्द पहिचान | १ | १ | २ |
| ३ | उखान वा टुक्का,निपात,अनुकरणात्मक शब्द दिई वाक्य निर्माण गर्न लगाउने | | वाक्य रचना | १ | १ | २ |
| ४ | कुनै २ वटा बहु वैकल्पिक प्रश्न सोधी शब्द समूहबाट शुद्ध शब्द पहिचान गरी लेख्न लगाउने | वर्णविन्यास | शुद्ध शब्द | १ | १ | १ |
| ५ | एउटा शब्दमा एउटा मात्र अशुद्ध पर्ने गरी ह्रस्व,दीर्घ,लेख्य चिन्ह्,पदयोग,पदवियोग,चन्द्रविन्दु, शिरविन्दु पर्ने गरी अशुद्ध वाक्य दिई शुद्ध पारेर लेख्न लगाउने । | | वाक्य सम्पादन | १ | १ | २ |
| ६. | नाम,सर्वनाम,विशेषण,क्रियायोगी,नामयोगी,संयोजक,विस्मयादिबोधक र निपातमध्येबाट कुनै १ ओटा शब्द पर्ने गरी वाक्यमा रेखाङ्कित पदको वर्ग पहिचान गर्न लगाउने | भाषिक संरचना | शब्द वर्ग | १ | १ | २ |
| ७ | काल,पक्ष,भाव र अर्थबाट धातु संकेत गरी खाली ठाउँ भरेर वाक्य पुरा गर्न लगाउने | | काल,पक्ष र अर्थ | १ | १ | २ |
| ८ | लिङ्ग,वचन,पुरुष,करण,अकरण,प्रेरणर्थ वाच्यबाट पर्ने गरी जम्मा ३ वाक्य दिएर कोष्ठकको निर्देशनका आधारमा वाक्य परिवर्तन गर्न लगाउने | | वाक्य परिवर्तन | १ | १ | ३ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ९ | पाठ्यपुस्तकको कुनै गद्य विधाबाट ७५ शब्दसम्मको अनुच्छेद दिई ३ वटा प्रश्न सोध्ने<br>क) अनुच्छेदबाट उपसर्ग,प्रत्यय लागेर बनेका १।१ ओटा शब्द पहिचान गरी लेख्न लगाउने ।<br><br>ख) गद्याशंबाट द्वित्व शब्द १ ओटा र समस्त शब्द १ ओटा पहिचान गरी लेख्न लगाउने ।<br>(निर्माण प्रक्रिया देखाउन नपर्ने)<br><br>ग) अनुच्छेदबाट कुनै १ शब्द रेखाङ्कन गरी त्यसको कारक र विभक्ति पहिचान गर्न लगाउने । | दृष्टाशं / अदृष्टाशं | व्याकरणिक (भाषिक संरचना पहिचान) | १ | १ | ३ |
| १० | कुनै गद्य विधाबाट १२५ शब्दसम्मको अनुच्छेद दिई १।२ वाक्यमा उत्तर आउने खालका तथ्यपरक,सन्दर्भ बोधक,प्रतिक्रियाबोधक आदि ४ ओटा प्रश्न लेख्न लगाउने | | बोध प्रश्नोत्तर | १ | १ | ४ |
| ११ | गद्य विधाका पाठबाट १०० शब्दसम्मको गद्याशं दिई ४ ओटा बुँदा टिपोट गरेर एक तृतीयाशंमा साराशं लेख्न लगाउने | बुँदा टिपोट र साराशं लेखन | गद्य विधा | १ | १ | ४ |
| १२ | क) कथा वा जीवनीमध्ये कुनै १ को बुँदाका आधारमा कथा वा जीवनी लेख्न लगाउने<br>ख) दैनिकी वा संवाद लेखनबाट १ प्रश्न सोधी उत्तर लेख्न लगाउने<br>(जम्मा २ वटा सोध्ने र कुनै १ प्रश्नको उत्तर लेख्न लगाउने | निर्देशित रचना | कथा जीवनी र दैनिकी,<br>संवाद | २ | १ | ३ |
| १३ | व्यवहारिक रचना अन्तर्गत चिठी (घरायसी/ निवदेन/ व्यसायिक/ सम्पादकलाई चिठी) लेखनबाट १ र बधाई पत्र,सम्मान पत्र,निमन्त्रणा पत्रमध्ये कुनै १ गरी २ ओटा सोधेर कुनै १ प्रश्नको उत्तर लेख्न लगाउने | व्यवहारिक लेखन | घरायसी चिठी /निवेदन /व्यवासायिक सम्पादकलाई सचठी | २ | १ | ३ |
| १४ | पाठ्यपुस्तकभित्रका पाठबाट विधा नदोहोरिने गरी कुनै २ विशिष्ट पङक्ति दिई कुनै १ को व्याख्या गर्न लगाउने | भाव विस्तार व्याख्या | गद्य /पद्य /विधाका पाठ | २ | २ | ३ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १५. | सन्दर्भमा आधारित अतिसङ्क्षिप्त उत्तरात्मक प्रश्नका लागि पाठ्यपुस्तकका विभिन्न विधाबाट कुनै अंश दिई त्यसका आधारमा विषयवस्तु लेख्ने,घटना वर्णन सन्दर्भ वा परिवेश वर्णन,मुल भाव वा चरित्रचित्रण सम्बन्धी १।२ वाक्यमा उत्तर दिन मिल्ने खालका अतिसङ्क्षिप्त उत्तरात्मक ४ प्रश्न सोधी उत्तर लेख्न लगाउने | पाठगत बोध | सन्दर्भमा आधारित अति सङ्क्षिप्त उत्तरात्मक (पाठगत बोध) | १ | १ | ४ |
| १६ | पाठ्यपुस्तकभित्र समावेश गरिएका विभिन्न विधामध्ये फरक फरक दुई विधाबाट पाठगत अंश वा सुचना दिई त्यसका आधारमा विश्लेषणात्मक,सिर्जनात्मक तथा तार्किक क्षमता परीक्षण गर्ने किसिमका कुनै २ प्रश्न सोधी १ प्रश्नको उत्तर दिन लगाउने | | सन्दर्भमा आधारित लामो उत्तरात्मक (पाठगत बोध) | २ | १ | ५ |
| १७ | आत्मपरकबाट १ वस्तुपरकबाट २ ओटा पर्ने गरी तीन शीर्षक दिई १ शीर्षकमा १०० शब्दमा नघटाई निवन्ध लेख्न लगाउने | निवन्ध लेखन | स्वतन्त्र रचना | ३ | १ | ५ |

**प्रथम त्रैमासिक**
**पाठ १ देखि पाठ ४ सम्म अध्यापन गराउने**

**दोस्रो त्रैमासिक**
**पाठ ५ देखि पाठ ९ सम्म अध्यापन गराउने**

**तेस्रो त्रैमासिक**
**पाठ १० देखि पाठ १३ सम्म अध्यापन गराउने**

**वार्षिक परीक्षा**
**पाठ १४ देखि पाठ १७ सम्म अध्यापन गराउने**
**सबै पाठको पुनरावृत्ति गर्ने**

**नोट : आन्तरिक मूल्याङ्क पाठ्यक्रमले तोकेअनुसार गर्ने**

नमूना प्रश्न

प्रथम त्रैमासिक परीक्षा-२०८१

कक्षा: ७ समय:- २ घण्टा

विषय: नेपाली पुर्णाङ्क : ५०

उत्तीर्णाङ्क : २०

**विद्यार्थीले उत्तर दिँदा सिर्जनात्मक र मौलिक तरिकाले दिनुपर्ने छ।**

**१.दिइएका अर्थसँग मिल्ने शब्द खाली ठाउँमा लेख्नुहोस् ।** २

(व्यवसायी,सिकर्मी,बँसी,हिउँचुली)

क) हिमालका चुचुराको समूह......................

ख)व्यवसायमा लागेको.............................

ग) काठको काम गर्ने कारिगर......................

घ) पहाडमुनिको फराकिलो समतल भूभाग...............

**२. खाली ठाउँमा मिल्दो शब्द राखी वाक्य पूरा गर्नुहोस्।** २

क) “धर्ती” को उस्तै अर्थ दिने शब्द......................हो ।

(मुलुक,पृथ्वी,प्रथम)

ख) “आस्तिक” को उल्टो अर्थ दिने शब्द......................हो ।

(नवीन,प्रतिकूल,नास्तिक)

ग) “आँखा” शब्दको अर्थ ......................होइन ।

(नुतन,चक्षु,नयन)

घ) ”फूल” को समावेश्य शब्द ......................हो ।

(बोट, लालीगुराँस,दाना)

**३. अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्नुहोस्।** २

नाच्न नजान्ने आँगन टेडो,पुलुक्क

**४. शुद्ध शब्द छानेर लेख्नुहोस्।** १

क) अ.बास्तविक आ. वास्तविक ग.बास्तबिक ई.वास्तबिक

ख) अ.वेवारिस आ.बेबारिस ग.वेबारिस ई.बेवारिस

**५.दिइएको वाक्यलाई शुद्ध पारी लेख्नुहोस्।** २

राजनितिक चेतना समेत भएका भुपि एक प्रगतीवादी कवि थिए।

**६.रेखाङ्कित शब्दको पदवर्ग छुट्याउनुहोस्।** २

किसानहरु परिश्रमी हुन्छन त्यसैले यिनीहरु धेरै काम गर्छन् ।

७.दिइएका धातु र संकेतका आधारमा खाली ठाँउ भर्नुहोस् । २

क)भाई योग गर्न............ (जा : सामान्य वर्तमान)

ख) हामीले ताजा फलफूल ........(खा : अपूर्ण भविष्यत्)

ग) उसले काम .............(सिक : सम्भावनार्थ)

घ) मैले राम्ररी क्रिकेट............(खेल् : अभ्यस्त)

**८. दिइएका संकेतका आधारमा वाक्य परिर्वतन गर्नुहोस्।** ३

क) हामी बजार जान्छौँ। द्धितिय पुरुष)

ख) म सधैँ आफ्नो काम आफै गर्छु। (अकरण)

ग) भाइ पाठ पढ्छ । (प्रेरणार्थक)

**९.दिइएको अनुच्छेद पढी उत्तर लेख्नुहोस् ।** ३

मनिसले पैसाको चलन चल्नुभन्दा अगाडि अन्नपात गाईवस्तु,सरसामान आदि साटासाट गरेर आफ्ना आवश्यकता पूरा गर्दथे । यस्तो प्रक्रियालाई वस्तु विनिमय भनिन्छ । वस्तु विनिमय प्रथामा तत्कालको खाँचो टरे पनि धेरै सामाजिक,धार्मिक र आर्थिक समस्या हुन्थे । प्रत्येक वसतुको स्तर मापनको अभाव,वस्तु विभाजन गर्न कठिनाइ, भण्डारण गर्न समस्या,दुई वस्तुविचको मात्रा निर्धारणमा समस्या हुनु विनिमय प्रणालीका समस्या हुन् ।आजभोली मुद्राको चलनचल्ती भएकाले यस्तो समस्या छैन । अन्य प्रकारका समस्या भने यथावत छन् ।

क) अनुच्छेदबाट एउटा द्वित्व भएर बनेको शब्द र एउटा समस्त शब्द पहिचान गरी लेख्नुहोस् ।

ख) एउटा उपसर्ग र एउटा प्रत्यय लागेर बनेको शब्द पहिचान गरी लेख्नुहोस् ।

ग) रेखाङ्कित शब्दको कारक र विभक्तिको नाम लेख्नुहोस् ।

**१०. दिइएको गद्याशं पढी सोधिएको प्रश्नको उत्तर लेख्नुहोस् ।** ४

साहित्य समाजको ऐना हो । साहित्य सिर्जनामा लाग्ने व्यक्ति साहित्यकार हुन् । साहित्यकारले लोकप्रियता आर्जन गर्न पाठकको मन छुने र समाजको वास्तविकता देखाउने स्तरीय रचना थोरै मात्र लेखे पनि पुग्छ । थोरै तर स्तरीय साहित्य सिर्जना गरी नेपाली साहित्य जगत्मा नाम कमाउन सफल स्रष्टामध्ये भूपि शेरचन पनि एक हुन् । उनको जन्म गण्डकी प्रदेशमा पर्ने मुस्ताङ जिल्लाको थाकटुकुचेमा वि.सं.१९९२ पुस १२ मा भएको थियो । उनको साहित्यिक नाम भूजि भए पनि वास्तविक नाम भूपेन्द्रमान शेरचन हो । हितमान शेरचन र पद्मकुमारी शेरचनका सुपुत्र भूपि पाँच सन्तानमध्ये कान्छा थिए । पाँच वर्षको छँदा उनकी आमाको निधन भएकाले मातृस्नेहबाट उन वञ्चित हुन पुगे । यसरी आमाको मायाबाट वञ्चित हुन पुगेका उनी सानैदेखि गम्भीर स्वभावका थिए ।मातृवियोगका कारण उनको बाल्यकाल सङ्घर्षपूर्ण रह्नयो ।

क) कस्ता व्यक्तिलाई साहित्यकार भनिन्छ ?

ख) भूपिको जन्म कहिले र कहाँ भएको थियो ?

ग) भूपिको वास्तविक नाम के थियो ?

घ) भूपिको बाल्यकाल कस्तो रह्नयो ?

**११. दिइएको अनुच्छेदबाट चारओटा बुँदा टिपोट गरी साराशं लेख्नुहोस् ।** ४

कुनै एउटा गाउँमा बुढाबुढी बस्थे । बुढेसकाल भइसकेपछि उनीहरुको एटा छोार जन्मिएको थियो । बुढाबुढीले त्यस छोराको नाम बलराम राखेका थिए । बुढाबुढीले बलराम हुर्की बढेपछि बडो धुमधामका साथ बिहे गरिदिए । बलरामकी दुलही पनि चौपट्टै राम्री थिइ । त्यस्ती राम्री बुहारी पाएकाले बुढाबुढी पनि ज्यादै दङ्ग थिए । बुहारी देख्दा त राम्री नै थिइ, तर उसको स्वभाव र बुद्धिको विषयमा भने ती ससुरालाई थाहा थिएन । यसैले स्वभाव र बुद्धिको जाँच गर्नलाई एक दिन ससुराले बुहारीलाई बोलाएर सोधे, बुहारी ! लौ भन त, तिम्रो बिहेमा हामीले कति खर्च गऱ्यौ होला ?

**१२. कुनै एक प्रश्नको उत्तर दिनुहोस् ।** ३

क) दिइएका बुँदाका आधारमा जीवनी तयार पारी शीर्षक समेत दिनुहोस् ।

नाम : विष्णु कुमारी वाइबा

साहित्यक नाम : पारिजात

जन्ममिति : वि.सं १९९० फागुन ३० गते

जन्मस्थान : भारतको दार्जिलिङ

आमा / बुबा :अमृत मोक्तान / के.एस.वाइबा

शिक्षा : स्नातक (बी.ए.)

प्रकाशित कृति : शिरीषको फूल,महत्ताहीन,अनिदो पहाडसँगै जस्ता उपन्यास,आदिम देश,सडक र प्रतिभा जस्ता कथा सङ्ग्रह,आकाङ्क्षा,बैंसालु वर्तमान जस्ता कविता सङ्ग्रह,लालीगुराँसको फेदमा आत्मवृतान्त आदि ।

सम्मान / पुरस्कार : मदन पुरस्कार (२०२२),गङ्की बसुन्धरा पुरस्कार,सर्वश्रेष्ठ पाण्डुलिपि पुरस्कार,प्रज्ञा प्रतिष्ठानद्धारा विद्धत्वृत्ति

निधन : वि.सं.२०५० बैशाख ५ गते,काठमाडौं

ख) "वनजङ्गल संरक्षण" शीर्षकमा दुई पात्रबिचको संवादको नमुना तयार पार्नुहोस् ।

**१३. कुनै १ प्रश्नको उत्तर लेख्नुहोस् ।** ३

क) घरमा आमा बिरामी भएकाले दुई दिनको बिदा पाउँ भनी प्रधानाध्यापकलाई निवेदन लेख्नुहोस् ।

ख) गायन प्रतियोगितामा प्रथम भएको तपाईको साथीलाई दिने बधाई पत्र  तयार पार्नुहोस् ।

**१४. कुनै एकको भाव विस्तार गर्नुहोस् ।** ३

क) पहाड र तराईले प्रीति रच्ने देश

हिउँचुलीको पहिलो झुल्का पहिलो मेरो देश

ख) खाडी देशको उखरमाउलो गर्मीमा पसिना बगाउनु भन्दा त आफ्नै देशको माटामा पसिना बगाउनु राम्रो हो ।

**१५. दिइएको कथाशं पढी सोधिएको प्रश्नको उत्तर लेख्नुहोस् ।**

ससुरा हिँडेको उसले टाढैबाट देखी । उनलाई भेट्टाउन दौडदै सँगसँगै हिँड्न थाली । हिँड्दा हिँड्दै झमक्क रात पऱ्यो र दुवै बास बसे । भोलिपल्ट बिहान सबेरै उनीहरु फेरी बाटो लागे । जाँदाजाँदै बाटामा उनीहरुले रुखको टुप्पामा बसेर एउटा काग कराइरहेको सुने । यस पल्ट पनि बुढाले केही थाहा पाएनन् तर बुहारी चाँहिले भने कागको भाष बुझिहाली । रुखमा बसेर काग कराइरहेको थियो । "यो रुखमुनि दुईवटा घडा छन् । ती घडाभरि असर्फी छन् । घडाको मुखमा दहीको बोह्ता पनि छ । कसैले त्यो ठाउँ खनिदिए दही खान्थें,असर्फी चाहिँ दिन्थें ।"

प्रश्न

क) काग कहाँ बसेर कराइरहेको थियो ?

ख) घडाभित्र के थियो ?

ग) बुहारीले कसको भाषा बुझी ?

घ) काग के भनेर कराइरहेको थियो ?

**१६. कुनै एक प्रश्नको उत्तर दिनुहोस् ।** ५

क) दिइएको कथाको अंश पढी समीक्षात्मक उत्तर लेख्नुहोस् ।

हेर साथी मलाइ त विदेश गएर अरुको अधीनमा बसेर निश्चित कमाइमा बाँच्नुभन्दा त स्वतन्त्र भएर आफ्नै देशमा स्वरोजगारीमा लाग्न ठिक लाग्छ । स्वरोजगारीमा श्रमिक पनि आफैँ अनि मालिक पनि आफैँ बन्न पाइन्छ । स्वरोजगारीमा लाग्दा अरुलाई पनि रोजगारी दिन सकिँदो रहेछ ।

प्रश्न :

अ) "स्वरोजगारीमा श्रमिक पनि आफैँ अनि मालिक पनि आफैँ बन्न पाइन्छ ।" भन्ने भनाइलाई पाठका आधारमा पुष्टि गर्नुहोस् ।

ख) झिकेर मुटुको टुक्रा आँखाभित्र अटाउँछिन्

भोकभोकै बसी आफू छाती चुस्न खटाउँछिन्

जिन्दगी बन्छ आमाले खाएको गाँस गाँसमा
सिर्जनामूल हुन् आमा स्रष्टाको इतिहासमा ।

प्रश्न :

अ) "आमा "कवितामा कविले आमाका सम्बन्धमा व्यक्त गरेका विचार कस्ता छन् वर्णन गर्नुहोस् ।

१७. कुनै एक शीर्षकमा १०० शब्द नघटाई निबन्ध लेख्नुहोस् । ५

क) स्वास्थ्यको महत्व

ख) मेरा गाउँ

ग) मेरो रमाइलो यात्रा

समाप्त

नमूना प्रश्न

दोस्रो त्रैमासिक परीक्षा-२०८१

कक्षा: ७ समय:- २ घण्टा

विषय: नेपाली पुर्णाङ्क : ५०

उत्तीर्णाङ्क : २०

**विद्यार्थीले उत्तर दिँदा सिर्जनात्मक र मौलिक तरिकाले दिनुपर्ने छ ।**

**१.दिइएका अर्थसँग मिल्ने शब्द खाली ठाउँमा लेख्नुहोस् ।** २

(गुन्द्री,जनक,वेद,नर्सरी)

क) आध्यात्मिक ज्ञान आदिका मूल स्रोत मानिएको ग्रन्थ ....................

ख) बिरुवा हुर्काउने ठाउँ............................

ग) परालबाट बनेको सुकुल जस्तो ओछ्याउने .....................

घ) तत्कालीन मिथिला राज्यका नरेश ...............

**२. खाली ठाउँमा मिल्दो शब्द राखी वाक्य पूरा गर्नुहोस् ।** २

क) "बगैंचा" को उस्तै अर्थ दिने शब्द.....................हो ।

(सगर,बाग,जननी)

ख) "आकाश" को उल्टो अर्थ दिने शब्द.....................हो ।

( पताल,पतन,प्राचीन )

ग) "बर्सेनि " शब्दको अर्थ .....................हो ।

( दिनदिनै,सङ्कल्प,हरेक वर्ष )

घ) "पराल" को लघुतावाची शब्द .....................हो ।

( त्यान्द्रो,मुठो,भारी )

**३. अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्नुहोस् ।** २

जसले मह काढ्छ उसले हात चाट्छ, झमझम

**४. शुद्ध शब्द छानेर लेख्नुहोस् ।** १

क) अ.विश्वब्यापी आ. विश्वब्यापी ग.विश्वव्यापी ई.बिश्वब्यापी

ख) अ.बन्दोबस्त आ.वन्दोवस्त ग.बन्दोवसत ई.वन्दोबस्त

**५.दिइएको वाक्यलाई शुद्ध पारी लेख्नुहोस् ।** २

मोवाइलको प्रयोग व्यक्तिसग सम्पर्क गर्न,सुचना आदानप्रदान गर्न ज्ञान बढाउन र मनोरञ्जन लिने उद्देश्यले गरिन्छ ?

**६.रेखाङ्कित शब्दको पदवर्ग छुट्याउनुहोस् ।** २

अहो ! हिमालको स्याउ पहाडको सुन्तला खाएरर पो हामी स्वस्थ भएक छौँ ।

७.दिइएका धातु र संकेतका आधारमा खाली ठाँउ भर्नुहोस् । २

क) मैले राम्ररी परीक्षा............ (दि : सामान्य भविष्यत् )

ख) रमा विराटनगरबाट ........(आउ : अपूर्ण वर्तमान )

ग) आमाले खाना .............(बन् : सम्भावनार्थ)

घ) म बिहान चाडै............(उठ् : अभ्यस्त)

**८. दिइएका संकेतका आधारमा वाक्य परिर्वतन गर्नुहोस् ।** ३

क) उनी बाखा चराउछिन् । (प्रथम पुरुष)

ख) डोलराज डन्डीबियो खेल्छ । (अकरण)

ग) रमेश बजार गयो । (प्रेरणार्थक)

**९.दिइएको अनुच्छेद पढी उत्तर लेख्नुहोस् ।** ३

आजका सानासाना बालबालिकाले भोलि देश हाक्नुपर्छ । त्यसैले उनीहरुलाई सामाजिक र भाषिक कुराको ज्ञान हुनु आवश्यक छ । बालबालिकाले व्यक्तिगत स्वार्थभन्दा माथि उठेर समाजमा आइपर्ने विभिन्न समस्यालाई प्रतिकार गर्न सक्नुपर्छ । नियमित रुपमा विद्यालय गएर लेखपढ गर्नुपर्छ । आफ्नो अमूल्य समय खेर फाल्नुहुदैन । प्रगतिका लागी अनुशासन आवश्यक हुन्छ । आफ्ना सरसामानको आफै जतन गर्न सक्नुपर्छ ।

क) अनुच्छेदबाट एउटा द्वित्व र एउटा समस्त शब्द पहिचान गरी लेख्नुहोस् ।

ख) एउटा उपसर्ग र एउटा प्रत्यय लागेर बनेको शब्द पहिचान गरी लेख्नुहोस् ।

ग) रेखाङ्कित शब्दको कारक र विभक्तिको नाम लेख्नुहोस् ।

**१०. दिइएको गद्याशं पढी सोधिएको प्रश्नको उत्तर लेख्नुहोस् ।** ४

म सुनौलो आगतको कल्पनामा डुब्दै थिए । विगतमा चुहिएका आँसु ओभाउने क्रममा थिए । आँसु देखिए,नदेखिए पनि कलिलो मनका चोट घाउ,दर्द,पीडा उस्तै थिए । जसको काहीँ कतै निकास थिएन । यसको कतै निकास थियो भने आँसुको रुपमा बमहिर निकाल्नु थियो । कहिलेकाही त रुँदा पनि मन हलुका हुँदो रहेछ । त्यो समयमा म आँसुको जिन्दगीबाट निकास खोजिरहेकी थिए ।

**प्रश्न :**

क) म पात्र कस्तो कलपनामा डुब्दै थिइन् ?

ख) कहिले चुहिएका आँसु ओभाउने क्रममा थिए ?

ग) कलिलो मनका के के कुरा उस्तै थिए ?

घ) रुँदा पनि मन हलुका हुँदो रहेछ,भन्नुको तात्पर्य के हो ?

**११. दिइएको अनुच्छेदबाट चारओटा बुँदा टिपोट गरी साराशं लेख्नुहोस् ।** ४

स्वस्थ रहनका लागि हामीले नियमित योग,ध्यान र प्राणायम गर्नुका साथै हाम्रो दैनिक भोजनमा पनि सुधार गर्नु आवश्यक छ । हामीले घरमा बनाइएका ताजा र स्वस्थकर खाना खानु स्वास्थ्यका दृष्टिले निकै राम्रो हुन्छ । हामीले मौसम अनुसारका खानेकुरा खानुपर्छ । हरिया सागसब्जी ताजा फलफूलको

नियमित सेवन गर्नु राम्रो हुन्छ । दुध,दही,मही,फलफूलको रस,मह खानाले हाम्रो शरीर स्वस्थ हुन्छ । आवश्यक मात्रामा कार्बोहाइड्रेट,प्रोटिन,मिनरल्स आदि पनि खानुपर्छ । टुसा उम्रिएका गेडागुडी खानु निकै हितकर हुन्छ । पानी प्रशस्त खानुपर्छ । शाकाहारी भोजनलाई महत्व दिनुपर्छ । योगमा सात्विक आहारमा जोड दिइन्छ । आहार अनुसारको विचार उत्पन्न हुन्छ । स्वस्थ खाना खाइएन भने योग गर्न पनि कठिन हुन्छ । तसर्थ भोजन र स्वास्थ्यको घनिष्ठ सम्बन्ध छ ।

**१२. कुनै एक प्रश्नको उत्तर दिनुहोस् ।** **३**

क) दिइएका खाली ठाउँमा उपयुक्त क्रियापद राखी कथा पूरा गर्नुहोस् र उपयुक्त शीर्षक समेत दिनुहोस् ।

किसानको घरमा एउटा राम्रो कुकुर हुनु.............कुकुरले इमान्दारपूर्वक घरको हेरचाह गर्नु......किसानले कुकुरलाई निकै माया गर्नु............... कुकुर बुढो हुँदै गएपछि किसानले बेवास्ता गर्नु................खानेबस्ने कुरामा ध्यान नदिनु.....उसले कुकुरलाई पिट्न समेत थाल्नु........कुकुर निराश भएर घर छाडेर हिँड्नु..........स्यालसँग भेट हुनु......मित्रतासमेत हुनु.........कुकुरले आफ्नो कथा स्याललाई सुनाउनु.........चलाख स्यालले जुक्ति निकाल्नु...........किसानकी श्रीमती खेतमा काम गर्दै गर्नु..............छोरालाई छेउमा सुताउनु..........स्याल त्यहाँ पुग्नु..............शिशुलाई लिएर जङ्गलतिर पुग्नु........कुकुरले भुक्दै स्याललाई पछ्याउनु किसानकी पत्नी बेहोस हुनु............कुकुरले एकैछिनपछि शिशुलाई लिएर आउनु...........आफ्नो बच्चालाई बचाएको ठानी किसानका पतिपत्नीले कुकुरलाई पहिलेभन्दा धेरे माया गर्नु.............कुकुर खुसी हुनु..........कसैलाई पनि हेला गर्न नहुने सन्देश

ख) तपाईले मनाएको कुनै पर्वका बारेमा एक दिनको दैनिकी तयार पार्नुहोस् ।

**१३. कुनै १ प्रश्नको उत्तर लेख्नुहोस् ।** ३

क) गाउँमा बस्ने साथीलाई वनजङ्गको महत्व दर्साइ यसको संरक्षणमा लाग्ने सल्लाह दिदै एउटा चिठी लेख्नुहोस् ।

ख) तल दिइएका बुँदाका आधारमा सम्मान पत्र  तयार पार्नुहोस् ।

नाम : अनुराधा कोइराला

ठेगाना :काठमाडौं

योगदान : प्रसिद्ध समाजसेवी,माइती नेपालको स्थापना,भारतमा बेचिएका करिब ४० हजार महिलाको उद्धार र संरक्षण

**१४. कुनै एकको भाव विस्तार गर्नुहोस् ।** ३

क) धर्तीमै छ सवै चिज खोजे मिल्छ घरीघरी
तर जन्म दिने आमा पाइँदैन कसै गरी ।

ख) योगले हामीलाई शारीरिक,मानसिक र आध्यात्मिक तीनओटै तहमा सुख प्रदान गरी जीवनलाई सार्थक बनाउन मद्दत गर्दछ ।

**१५. दिइएको कथाशं पढी सोधिएको प्रश्नको उत्तर लेख्नुहोस् ।**

नेपाली काव्य साधनामा झण्डै तीनदशक लामो समय विताएका भूपिलाई वि.सं.२०२६ मा साझा पुरस्कारद्धारा सम्मान गरिएको थियो । उनको कवित्व शक्तिको उच्च प्रशंसा गर्दै तत्कालीन राजा महेन्द्रले स्यावासी सहित इनाम पनि दिएका थिए । उनी वि.सं.२०३७ मा तत्कालीन नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानका सदस्यसमेत भएका थिए । उनले त्यहाँबाट प्रकाशन हुने कविता र प्रज्ञा नाम गरेका

साहित्यिक पत्रिकाको सम्पादनसमेत गरेका थिए । उनले अन्तराष्ट्रिय युवा फेस्टिबलका सन्दर्भमा नेपालको प्रतिनिधित्व गर्दै तत्कालीन सोभियत सङ्घको भ्रमणसमेत गरेका थिए ।

प्रश्न

क) भूपिलाई कहिले साझा पुरस्कारद्धारा सम्मान गरिएको थियो ?

ख) भूपिले सम्पादन गरेका दुई पत्रिकाको नाम के हो ?

ग) भूपि कहिले तत्कालिन नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानका सदस्य बनेका थिए ?

घ) भूपिले नेपालको प्रतिनिधित्व गर्दै कहाँको भ्रमण गरेका थिए ?

**१६. कुनै एक प्रश्नको उत्तर दिनुहोस् ।** ५

क) दिइएको कथाको अंश पढी समीक्षात्मक उत्तर लेख्नुहोस् ।

किताब पढ्दा मैले पनि यी कथा,कविताका पात्र जस्तै अलग पात्र खोजेरु तिनका बारेमा लेख्न जान्न पाए कस्तो हुन्थ्यो ? ती चाहना मात्र सलबलाएर के गर्नु ? जान्नु छैन,घोत्लिएर घन्टौँ सम्म भए पनि हेरिरह्यो । त्यसलाई दसौँ पटकसमम पढ्यो ।चन्चले दिमागले आफू अगाडी पुतली देखिए पुतलीके बारेमा सोच्थ्यो । रुपी,भँगेरा,काग गौथली देखिए तिनकै बारेमा सोच्थ्यो । मान्छे देखिए मान्छेकै बारेमा सोच्थ्यो ।

प्रश्न :

अ) " सिर्जनाका कोपिला " पाठमा निबन्धकारले आफ्नो जीवनको कस्तो अवस्थालाई दर्सासकी छन् लेख्नुहोस् ।

ख) दिइएको कथाको अंश पढी समीक्षात्मक उत्तर लेख्नुहोस् ।

रजनी चित्र बनाउन असाध्यै सिपालु थिइन् । उनी नदीनाला,वनजङ्गल,हिमालपहाड र जीवजन्तुलाई चित्रमा उताथिन् । आफ्नो देश र गाउँ कस्तो हुनुपर्छ भने पनि उनी कल्पना गर्थिन् ।एक साँझ उनले आफ्नो गाउँको चित्र बनाइन् । उनको चित्रको शीर्षक थियो "अबको मेरो गाउँ ।"

अ) रजनी एक कल्पनाशील र सिर्जनशील बालिका हुन् भन्ने भनाईलाई पाठका आधारमा तर्क दिनुहोस्

१७. कुनै एक शीर्षकमा १०० शब्द नघटाई निबन्ध लेख्नुहोस् । ५

क) नेपालको प्राकृतिक सुन्दरता

ख) स्वास्थ्यको महत्व

ग) विद्यार्थी जीवनमा अनुशासनको महत्व

समाप्त

नमूना प्रश्न

तेस्रो त्रैमासिक परीक्षा-२०८१

कक्षाः ७ समयः- २ घण्टा

विषयः नेपाली पुर्णाङ्क : ५०

उत्तीर्णाङ्क : २०

**सिर्जनात्मक र मौलिक उत्तरलाई प्रोत्साहन दिइनेछ ।**

**१.दिइएका अर्थसँग मिल्ने शब्द खाली ठाउँमा लेख्नुहोस् ।** २

( क्षितिज,अर्धानो,पर्यटक,परिपक्क,नेतृत्व)

क) देश विदेश घुम्ने व्यक्ति .....................
ख) व्यवहारमा खारिएको.............................
ग) आधा नयाँ र आधा पुरानो ......................
घ) चारैतिर आकाश र पृथ्वी जोडिए जस्तो देखिने ठाउँ ..............

**२. खाली ठाउँमा मिल्दो शब्द राखी वाक्य पूरा गर्नुहोस् ।** २

क) "जननी" को पर्यायवाची शब्द......................हो ।
( पिता,माता,मामा)
ख) " साथी - साठी " .................शब्द हुन् ।
( पर्यायवाची,अनेकार्थी,श्रतिसम भिन्नार्थी )
ग) "भाँडा" को समावेश्य शब्द ......................हो ।
( घर,लुगा,थाल )
घ) "फूल" को विपरीतार्थक शब्द ......................हो ।
( हाँगा,पात,काँडा )

**३. अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्नुहोस् ।** २

आए आँप ग्उ झटारो,भुसुक्क

**४. शुद्ध शब्द छानेर लेख्नुहोस् ।** १

क) अ.अनुसासन आ. अनुशासन ग.अनुषासन ई.अनुशाशन
ख) अ.साथी आ.साठी ग.षाथी ई.शाथी

**५.दिइएको वाक्यलाई शुद्ध पारी लेख्नुहोस् ।** २

आज विग्यानको आविसकारले गर्दा विधुतिय सनचार क्षेत्रको प्रभाव बढ्दै गयको छ ।

**६.रेखाङ्कित शब्दको पदवर्ग छुट्याउनुहोस् ।** २

आहा ! माछापुच्छ्रे हिमालको दृश्य कति सुन्दर पो देखियो ।

७.दिइएका धातु र संकेतका आधारमा खाली ठाँउ भर्नुहोस् । २

क) तपाई गीत............ (गा : आज्ञार्थक )
ख) धारमा पानी ........(आउ : सम्भावनाथ )
ग) भाइ खेल .............(खेल : भूतकाल)
घ) हामीले गल्ती ............(गर : अज्ञात भूत)

**८. दिइएका संकेतका आधारमा वाक्य परिर्वतन गर्नुहोस् ।** ३

क) चराहरु उडे । (एक वचन)
ख) ऊ जात्रामा रमायो । (प्रथम पुरुष)
ग) किसानले स्याउ टिपेछ । ( अकरण)

**९.दिइएको अनुच्छेद पढी उत्तर लेख्नुहोस् ।** ३

आज म बिहन पाँच बजे झटपट उठेर आफ्नो नित्यकर्म गरेँ । भाइ आज म भन्दा पहिले नै उठीसकेको रहेछ । असोजको महिना भएकाले आकाश सफा थियो । व्यायाम गरेर चियाखाजा खाइसकेपछि भाइ र म दुबै जनाले आ- आफ्नो गृहकार्य गर्‍यौँ । सूर्यको प्रकाश झलमल छाइरहेको थियो । वातावरण रमाइलो थियो । आकाशमा चराहरु उडिरहेका थिए ।

प्रश्न :

क) अनुच्छेदबाट द्वित्व र समास भएर बनेका शब्दहरु पहिचान गरी लेख्नुहोस् ।
ख) अनुच्छेदबाट उपसर्ग र प्रत्यय लागेर बनेका शब्द पहिचान गरी लेख्नुहोस् ।

ग) माथि रेखाङ्कन गरिएका शब्दको कारक  र विभक्ति पहिचान गरी लेख्नुहोस् ।

**१०. दिइएको गद्याशं पढी सोधिएको प्रश्नको उत्तर लेख्नुहोस् ।** ४

मदन टेरेसाको जन्म युगोस्लाभियामा पर्ने मेसेडोजियाको स्कोज्ज भन्ने ठाउँमा सन् १९१० अगस्त २६ मा भएको थियो । वास्तविक नाम एगनेस गोन्छ्या बोजाछिउ भएकी टेरेसाको बुबाको नाम निकोला र आमाको नाम ड्रानाफाइल थियो । उनका बुबा एक व्यापारी थिए भने आमा सामाजिक धार्मिक अभियन्ता थिइन् । नौ वर्षको उमेरमा पितृवियोगको पीडा सहन विवश टेरेसाको लालनपालन उनकी आमाको रेखदेखमा भएको थियो ।आफ्नी आमाको सामाजिक भावनाबाट प्रेरित भएर दीन दु :खी र असहायको सेवामा लाग्न थालिन ।कुनै पनि प्राणीको दु :ख देख्न नसक्ने मदन टेरेसा तिनको सेवामा मन,वचन  र कर्मले तल्लीन हुन्थिन् ।

**प्रश्न :**

क) कदन टेरेसाको जन्म कहाँ र कहिले भएको थियो ?

ख) मदन टेरेसाको आमा कस्ती थिइन् ?

ग) टेरेसा कसरी दीन दु :खी रअसहायको सेवामा लाग्न थालिन् ?

घ) टेरेसाको वास्तविक नाम के हो ?

**११. दिइएको अनुच्छेदबाट चारओटा बुँदा टिपोट गरी साराशं लेख्नुहोस् ।** ४

सर्वप्रथम हामीले ज्येष्ठ नागरिकको आदर र सम्मान गर्नुपर्दछ । नम्तापूर्वक बोली सेवा आदर र सम्मान गर्न जरुरी छ । यस किसिमको व्यवहार गर्नाले उनीहरुबाट आशीर्वाद प्राप्त हुन्छ । ज्येष्ठ नागरिकलाई हामीले सदैव श्रद्धाका साथ मायालु व्यवहार गर्नुपर्दछ । परिवारका हरेक सदस्यले आफ्ना ज्येष्ठ नागरिकको शारीरिक र मानसिक अवस्थामा ध्यान दिनु आवश्यक छ । उनीहरु स्नेहका भोका हुन्छन् । उनीहरुको शारीरिक अशक्तताको सहारा बन्नु परिवारका सदस्यहरुको दायित्व हो । उनीहरको भावनामा चोट पुऱ्याउने काम कहिल्यै गर्नुहुँदैन ।

**१२. कुनै एक प्रश्नको उत्तर दिनुहोस् ।** ३

क) दिइएका बुँदाका आधारमा जीवनी तयार पारी शीर्षक समेत दिनुहोस् ।

नाम : भैरव अर्याल

जन्ममिति र स्थान  : वि.सं १९९३ असोज ५,कुपन्डोल ललितपुर

माता / पिता :होमनाथ / खेम कुमारी अर्याल

शिक्षा : एम.ए.

प्रमुख कृति : काउकुती (२०१९) जयभुँडी (२०२२ )गलबन्दी (२०२६) प्रवेशिका निबन्ध (२०२७) आदि कृतिहरु प्रकाशित

विशेषता : हास्यव्यङग्य निवन्धका प्रमुख स्रष्टा,नेपाली साहित्यका कथाकार,कविता,समालोचना आदि विधामा सशक्त रुपमा कलम चलाउने साहित्यकार

सामाजिक विसंगति,अन्याय,अत्याचार र शोषण दमनप्रतिको तीव्र आक्रोस

कलात्मक शैलिमा च्वास्स मुटुमा बिभ्ने गरी शिष्ट व्यङग्य प्रहार

संलग्नता : शिक्षा र पत्रकारीता

मृत्यु : वि.सं.२०३३ बैशाख असोज काठमाडौँ,गोकर्ण

ख) “वनजङ्गलको महत्व” शीर्षकमा दुई साथीबिच संवाद  तयार पार्नुहोस् ।

**१३. कुनै १ प्रश्नको उत्तर लेख्नुहोस् ।** ३

क) फुटवल खेलमा प्रथम स्थान प्राप्त गरेको साथीलाई दिने बधाई तथा शुभकामना पत्रको ढाँचा तयार पार्नुहोस् ।

ख) तपाई एक्कासी बिरामी हुनुभयो २ दिनको विदा जनाइ प्रधानाध्यापकलाई निवेदन लेख्नुहोस् ।

**१४. कुनै एकको भाव विस्तार गर्नुहोस् ।** ३

क) धर्तीमै छ सवै चिज खोजे मिल्छ घरीघरी
तर जन्म दिने आमा पाइँदैन कसै गरी ।

ख) हाम्रो देश जातिय विविधताभित्र एकता भएको देशको ज्वलन्त उदाहरण हो ।

**१५. दिइएको कथाशं पढी सोधिएको प्रश्नको उत्तर लेख्नुहोस् ।**

हामीले दिनचर्यालाई नियमित बनाउदै समयको सदुपयोग गर्नुपर्दछ । समय हाम्रो अमूल्य धन हो । समयको सदुपयोग भनेकने समय अनुसार काम गरेर फाइदा लिनु हो । समय अनुसार उठ्ने, पढ्ने,लेख्ने ,सुत्ने र परिआएका काम गर्ने व्यक्तिले समयको सदुपयोग गरेको ठहरिन्छ ।समयको सदुपयोग गर्ने व्यक्ति नै जीवनमा सफल र सन्तुष्ट हुन्छ । समयलाई ख्याल गरेर अगाडी बढ्ने हरेक व्यक्तिले सफलता प्राप्त गर्दछ ।

प्रश्नहरु :

क) समयको सदुपयोग भनेको के हो ?

ख) कस्तो व्यक्ति सन्तुष्ट हुन्छ ?

ग) समयको सदुपयोग कसरी गरिन्छ ?

घ) कस्ता व्यक्तिले सफलता प्राप्त गर्दछन् ?

**१६. कुनै एक प्रश्नको उत्तर दिनुहोस् ।** ५

क) दिइएको दैनिकी अंश पढी समीक्षात्मक उत्तर लेख्नुहोस् ।

चराहरुको सुमधुर चिरविरसँगै आँखाका ढकनी खुलेपछि घडी हेर्दा विहानको ५ वजिसकेको रहेछ । म विस्तारै उठेर भाईलाई पनि उठाए। नित्यकर्म गरिसकेपछि हामी पढ्ने कोठामा बसेर पढ्न थाल्यौँ । आज महिनाको पहिलो शुक्रबार भएकाले मेरा लागि विशेष दिन थियो ।

प्रश्न :

अ) " अवसरको सदुपयोग " पाठमा " म पात्रले समयको सदुपयोग कसरी गरेका छन्, लेख्नुहोस् ।

ख) दिइएको जीवनीको अंश पढी समीक्षात्मक उत्तर लेख्नुहोस् ।

आफ्ना लागि बाच्ने यो संसारमा त सबै हुन्छन् । दीन दु : खी र असहायहरुका लागि आफ्नो तन,मनर धन लगाएर सेवामा सर्मपित हुनेहरु भने यो जगत्मा थोरै हुन्छन् ।तिनै सिमित व्यक्ति मध्ये महान् समाजसेवी मदन टेरेसा पर्छिन् ।

अ) " सेवा नै धर्म हो " भन्ने भनाईलाइ यस पाठका आधारमा व्याख्या गर्नुहोस् ।

१७. कुनै एक शीर्षकमा १२५ शब्द नघटाई निबन्ध लेख्नुहोस् । ५

क) मेरो बाल्यकाल

ख) समयको महत्व

ग) आजको युगमा कम्प्युटरको महत्व

समाप्त

नमूना प्रश्न
वार्षिक परीक्षा-२०८१

कक्षा: ७ समय:- २ घण्टा
विषय: नेपाली पुर्णाङ्क : ५०
उत्तीर्णाङ्क : २०

**सिर्जनात्मक र मौलिक उत्तरलाई प्रोत्साहन दिइनेछ।**

**१.दिइएका अर्थसँग मिल्ने शब्द खाली ठाउँमा लेख्नुहोस् ।** २

( मुक्तकण्ठ,निरिक्षण,वसन्त ऋतु,चौवाटो,गोरेटो)

क) हेरचाह वा रेखदेख गर्ने काम...................

ख) खुला हृदयले बोल्ने काम...........................

ग) ऋतुहरुको राजा ....................

घ) चार बाटाको समूह ...............

**२. खाली ठाउँमा मिल्दो शब्द राखी वाक्य पूरा गर्नुहोस् ।** २

क) "नभ" को पर्यायवाची शब्द.....................हो ।

( आकाश,बादल,पाताल)

ख) .................अनेकार्थी शब्द हो ।

( प्रश्न,दक्षिण,उत्तर )

ग) "धर्म" को समावेश्य शब्द .....................हो ।

( नेपाली,हिन्दु,विन्दु )

घ) "वरदान" को विपरीतार्थक शब्द .....................हो ।

( दान,वर,अभिशाप )

**३. अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्नुहोस् ।** २

इन्द्रको अगाडी स्वर्गको बयान,खुर्

**४. शुद्ध शब्द छानेर लेख्नुहोस् ।** १

क) अ.सन्तती आ. सन्तति इ.शन्तति ई.षन्तती

ख) अ.वातावरण आ.बाटावरण इ.बाताबरन ई.बाताबरण

**५.दिइएको वाक्यलाई शुद्ध पारी लेख्नुहोस् ।** २

मनमा चाहना मात्र राखेर हुदइन तीनलाई सारथक पार्ने प्रतिवद्धता पनि हूनूपर्दछ ।

**६.रेखाङ्कित शब्दको पदवर्ग छुट्याउनुहोस् ।** २

<u>हाम्रो</u> <u>नेपाल</u>को शीर <u>सगरमाथा</u>ले सदाभर उँचो बनाएको छ हैन <u>त</u> ?

७.दिइएका धातु र संकेतका आधारमा खाली ठाँउ भर्नुहोस् । २

क) सुमन क्रिकेट............ (खेल : अपूर्ण भविष्यत् )

ख) उनीहरु आफ्नो काम आफै ........(गर : सामान्य वर्तमान )

ग) हामी सबै देश निर्माणमा...........(जुट् : इच्छार्थक)

घ) उसले मुनामदन खण्डकाव्य ............(पढ् : अज्ञात भूत)

**८. दिइएको संकेतको आधारमा वाक्य परिर्वतन गर्नुहोस् ।** ३

क) भाइ काम गर्छ । (कर्मवाच्य)

ख) तिमी गृहकार्य गर्छौ । (तृतीय पुरुष)

ग) तिमी उन्नतीमा लाग । (उच्च आदर )

**९.दिइएको अनुच्छेद पढी उत्तर लेख्नुहोस् ।** ३

व्यवहारिक लेखनको एउटा स्वरुप सम्मान पत्र हो । सम्मानका विविध क्षेत्रमा विशेष योगदान पुऱ्याउने व्यक्ति वा संस्थालाई यस्तो पत्र प्रदान गरिन्छ । सवैले आ- आफ्नो कर्मको फल प्राप्त गर्दछन् । सहरबजारका मानिसहरु शिक्षित भएर सम्मानित हुन्छन् । दाजु सम्मानपत्र लिन गाउँदेखि सहर आउनुभयो ।

प्रश्न :

क) अनुच्छेदबाट द्वित्व र समास भएर बनेका शब्दहरु पहिचान गरी लेख्नुहोस् ।

ख) अनुच्छेदबाट उपसर्ग र प्रत्यय लागेर बनेका शब्द पहिचान गरी लेख्नुहोस् ।

ग) माथि रेखाङ्कन गरिएका शब्दको कारक र विभक्ति पहिचान गरी लेख्नुहोस् ।

**१०. दिइएको गद्याशं पढी सोधिएको प्रश्नको उत्तर लेख्नुहोस् ।** ४

अंशुको घर पूर्वी पहाडी जिल्लामा पर्दछ । उनको घर नजिकै ठूलो खोला छ । गाउँका केटाकेटीहरु त्यसै खोलामा नुहाउँछन् । गोठाला गाईभैँसीलाई पानी खुवाउन त्यही खोलामा लैजान्छन् । केटाकेटी पौडन जान्छन् । पौडन नजानी अर्काको सिको गर्ने केटाकेटी खोलामा बगेर पनि बेपत्ता हुन्छन् । खोलाले बर्सेनी धेरै दु :ख दिँदै आएको छ । हालका दिनमा गाउँलेले मिले बोरिङ गाडेर घरघरमा धारो पुऱ्याएका छन् । गोठाला र केटाकेटीलाई खोलामा जान प्रतिबन्ध लगाएका छन् ।

**प्रश्न :**

क) अंशुको घरनजिकै के छ ?

ख) केटाकेटीहरु खोलामा के के गर्छन् ?

ग) खोलाले गाउँलेलाई के दिएको छ ?

घ) वर्तमान समयमा गाउँमा के पुऱ्याएका छन ?

**११. दिइएको अनुच्छेदबाट चारओटा बुँदा टिपोट गरी साराशं लेख्नुहोस् ।** ४

स्वस्थ रहनका लागि हामीले नियमित योग,ध्यान र प्राणायम गर्नुका साथै हाम्रो दैनिक भोजनमा पनि सुधार गर्नु आवश्यक छ । हामीले घरमा बनाइएका ताजा र स्वस्थकर खानेकुरा खानु निकै राम्रो हुन्छ । हामीले मौसम अनुसारको खानेकुरा खानुपर्छ । हरिया सागसब्जी ताजा फलफूलको नियमित सेवन गर्नु राम्रो हुन्छ । दुध,दही,मही,टुसा उम्रिएका गडगुडी,फलफूलको रस,मह खानाले हाम्रो शरीर स्वस्थ हुन्छ । पानी प्रशस्त पिउनुपर्छ । शाकाहारी भोजनलाई बढि महत्व दिनुपर्छ । स्वस्थ खानेकुरा खाइएन भने योग गर्न पनि कठिन हुन्छ । तसर्थ भोजन र स्वास्थ्यको घनिष्ठ सम्बन्ध रहेको हुन्छ । योग र स्वास्थ्य एउटै सिक्काका दुई पाटा हुन् ।

**१२. कुनै एक प्रश्नको उत्तर दिनुहोस् ।** ३

क) दिइएको बुँदाका आधारमा छोटो कथा लेखी शीर्षक दिनुहोस् ।

कुनै एउटा सुन्दर ठाउँ...........नजिकै भिर.........त्यस भिरको छेउमा ढुङ्गा र माटो मिलेर बसेका............... माटो र ढुङ्गालाई एक अर्काको सहारा मिलेका ................एक रात ठूलो पानी परेको.........माटालाई ढुङ्गाले थिचेको र ढुङ्गालाई माटाले समाएको ........दुवै जोगिन सफल भएका ................एक दिन दुवैमा असहमताको घमण्ड चढेको..........एकले अर्कालाई मान्न छाडेका ..........फेरी पानी परेको..............माटालाई पानीले बगाएको............ ढुङ्गो टुक्रिएर बिनाश भएको ..........घमण्डले विनाश निम्त्याउने र एकता नै बल भन्ने सन्देश दिएको ।

ख) तपाईको विद्यालयमा आयोजना गरिएको कुनै एक दिनको कार्यक्रलाई समेटेर दैनिकी लेख्नुहोस् । .

**१३. कुनै १ प्रश्नको उत्तर लेख्नुहोस् ।** ३

क) पृथ्वीको दिव्य सौन्दर्य नअटाएर पट्ट भै
फुटी बाहिर निस्क्यो कि पुष्पका रुपमा सबै ।

ख) बास त केवल जीवन बिताउने एउटा छाप्रो हो ।
त्यो स्थायी कहाँ हुन्छ ?

**१४. कुनै १ प्रश्नको उत्तर लेख्नुहोस् ।** ३

क) तपाईको विद्यालयमा मनाउन लागिएको अभिभावक दिवसका लागि अभिभावकलाई निमन्त्रणा पत्र तयार पार्नुहोस् ।

ख) गाउँमा बस्ने आफ्नो साथीलाई वनजङ्गलको महत्व दर्साइ यसको संरक्षणमा लाग्ने सल्लाह दिदै चिठी लेख्नुहोस् ।

**१५. दिइएको कथाशं पढी सोधिएको प्रश्नको उत्तर लेख्नुहोस् ।**

यात्रा वर्णनबारे कथात्मक शैलिमा लेखिएको रचना नै नियात्रा हो । यसलाई यात्रा निवन्ध पनि भनिन्छ । यात्राका क्रममा लेखकले देखे भोगेका दृष्य,घटना र अनुभव आदिलाई साहित्यिक शैलिमा वर्णन गरी नियात्रा लेख्ने गरिन्छ । नियात्रा लेख्नु भन्दा अगाडी यात्रामा भोगेका देखेका वस्तुलाई टिप्नु पर्दछ । यात्राका क्रममा भएका रमाइला र नरमाइला सबै अवस्थालाई जस्तो छ त्यस्तै रुपमा उर्तानुपर्छ । नियात्रामा सामाजिक,साँस्कृतिक,भौगोलक,प्राकृतिक अवस्थाको जानकारी लिनुपर्छ । पाठकलाई आफू पनि लेखकसँगै यात्रा गरिहेको छु भन्ने अनुभूति दिलाउने गरी नियात्रा तयार गर्नुपर्छ ।

प्रश्नहरु :

क) नियात्रा भनेको के हो ?

ख) नियात्रा कसरी लेख्ने गरिन्छ ?

ग) नियात्रा लेख्दा के के टिप्नुपर्दछ ?

घ) नियात्रामा कुन कुन विषयमा जानकारी लिनु पर्दछ ?

**१६. कुनै एक प्रश्नको उत्तर दिनुहोस् ।** ५

नेपाल प्राकृतिक र साँस्कृतिक रुपमा धनी देश हो । हरिया डाँडापाखा, रमणीय खेतबारी,आकर्षक गाउँबस्ती,सौन्दर्यमय वनजङ्गल .,खोलानाला,हिमश्रृङ्खला आदिले सजिएको मेरो देश नेपाल अलौकिक छ । नेपाल धार्मिक,पर्यटन र प्राकृतिक सौन्दर्यको दृश्यावलोकनका दृष्टिले अविस्मरणीय छ ।

क) काली गण्डकी किनारै किना। पठमा लेखकले धार्मिक पर्यटकिय स्थलको कसरी वर्णन गरेका छन्, लेख्नुहोस् ।

ख) दिइएको कथाको अंश पढी उत्तर लेख्नुहोस् ।

बुहारी देख्दा त राम्री नै थिइ, तर उसको स्वभाव र बुद्धिको विषयमा भने ती ससुरालाई थाहा थिएन । यसैले स्वभाव र बुद्धि कस्तो होला भन्ने कुराको जाँच गर्नलाई एक दिन ससुराले बुहारीलाई बोलाएर सोधे, बुहारी ! लौ भन त, तिम्रो बिहेमा हामीले कति खर्च गऱ्यौ होला ?

**"तितो बोली सच्चा गुण "पाठमा आफ्ना कस्ता गुणबाट बुहारी ससुराको मन पगाल्न सफल भइन् ?**

**१७. कुनै एक शीर्षकमा १२५ शब्द नघटाई निबन्ध लेख्नुहोस् । ५**

क) मेरो देश

ख) प्राविधिक शिक्षा आजको आवश्यकता

ग) मेरो रमाइलो यात्रा

समाप्त